कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
इनरुवा, सुनसरी

प.स.-२०८३।८४
च.नं.-

राष्ट्रिय एकीकृत कृषि आधुनिकिकरण कार्यक्रम, भैंसी ब्लक विकास कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना नं. ०९/२०८३/०८४

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/२०
प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८३/०८/२१

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सुनसरीको राष्ट्रिय एकीकृत कृषि आधुनिकिकरण कार्यक्रम तर्फ आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको भैंसी ब्लक विकास कार्यक्रम सञ्चालनका लागि सुनसरी जिल्लामा क्षेत्र निर्धारण गर्नु पर्ने भएको हुँदा परियोजना कार्यान्वयन म्यानुअल २०७७(संशोधन सहित २०८१) ले तोके बमोजिम शर्तहरु पालना गरी साझेदार गर्न इच्छुक आवेदकहरुबाट अनुसूची-६ बमोजिम आवेदन साथ अनुसूची-७ अनुसारको आधारभूत तथ्याङ्क फाराम भरी यो सूचना प्रकाशन भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

यस विषयमा थप जानकारीको लागि कार्यालयको फोन नं. ०२५-५६५१६२ वा मोबाइल नं. ९८५२०८०९९५/९८१७३७४४९९ मा सम्पर्क राख्न र कार्यविधि तथा प्रस्ताव, निवेदनको नमूना फर्मेट यस कार्यालयको वेभसाइट https://vhlssunsari.gov.np/notice-category/guidelines बाट परियोजना कार्यान्वयन म्यानुअल डाउनलोड गरी थप जानकारी लिन सक्नुहुनेछ ।

कार्यक्रम

सि.नं.	कार्यक्रमको नाम	इकाई	परिमाण	प्रति ईकाई अधिकतम साझेदारी रकम	प्रति ब्लकको लागि आवश्यक भैंसी संख्या	प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु

सम्पर्क नः ०२५-५६५१६२ Website: vhlssunsari.gov.np ई-मेलः vhlssunsari@gmail.com

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
इनरुवा, सुनसरी

प.स.-२०८३।८४
च.नं.-

१.	भैंसी ब्लक विकास कार्यक्रम	संख्या	१	३८ लाख	• उन्नत संख्या: २०० • स्थानीय/वर्णशंकर संख्या: ४००	दैनिक २००० लि. दुध संकलन भएको वा हुन सक्ने क्षेत्र अन्तर्गत: • कृषि/पशु सहकारी संस्थाहरु • कृषि समूह/समितिहरु • प्रचलित कानुन बमोजिम दर्ता भएका व्यवसायिक फर्म, कम्पनी

प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरुः

१ अनुसूची ६ बमोजिमको ढाँचामा आवेदन पत्र

२ अनुसूची ७ बमोजिमको आधारभुत तथ्याङ्क फारम

३ अध्यक्ष वा सञ्चालकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

४ प्रचलित कानून बमोजिम सूचना प्रकाशन अगावै आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता/नवीकरण तथा स्थायी लेखा नम्बर (प्यान/भ्याट) दर्ताको प्रमाणपत्रको प्रतिलिपि

५ अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

६ समूह/समिति/सहकारीको कार्यसमितिको निर्णयको प्रतिलिपि साथै सञ्चालक समितिका पदाधिकारीको नागरिकताको प्रतिलिपि

७ सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस पत्र

८ लागत साझेदारी गर्ने रकमको श्रोत / बैंक स्टेटमेन्ट / वित्तीय संस्थाको प्रतिबद्धता पत्र

प्रस्ताव बुझाउने स्थानः
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,सुनसरी ।

हस्ताक्षरः .....
(डा. मनोज कुमार महतो)
वरिष्ठ पशु चिकित्सक
कार्यालय प्रमुख

सम्पर्क नः ०२५-५६५१६२ Website: vhlssunsari.gov.np ई-मेलः vhlssunsari@gmail.com